प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

# सामुदायिक क्याम्पसको सहभागितामा गरिने अनुसन्धान विधि सम्बन्धी संक्षिप्त कार्यविधि

१. अध्ययन प्रतिवेदन नेपाली वा अङ्ग्रेजी वा दुवै भाषामा तयार गर्न सकिनेछ।

२. अनुसन्धान प्रतिवेदनलाई कम्तीमा स्नातकोत्तर गरेको शोधकर्ताबाट यसको Peer Review गराउनु पर्नेछ।

३. अनुसन्धानको शीर्षक समसामयिक, उपयोगी र शीर्षक भित्र कम्तीमा २ वटा Variables हरु हुनु पर्नेछ र एउटा Dependent Variable र अर्को Independent Variable समावेश गर्न सकिनेछ।

४. Qualitative Approach बाट अनुसन्धान गरिएमा यसका स्थापित विधिहरु जस्तैः Case Study Approach, Ethno graphic Approach, Phenomenological Approach, Grounded Theory आदि उपयोग गर्न सकिनेछ।

५. अनुसन्धानको आवश्यकताको आधारमा Mixed Methods लाई समेत प्रयोग गर्न सकिनेछ।

६. सामान्यतया अनुसन्धान प्रतिवेदनको अग्र भाग देहायको ढाँचामा तयार गर्नुपर्नेछः

   A. अग्र पृष्ठः यस भागमा अनुसन्धानको मूल शीर्षक, अनुसन्धान गर्ने निकाय र अनुसन्धान प्रतिवेदन पेश गर्ने निकाय तथा अनुसन्धान सम्पन्न भएको मिति उल्लेख गर्नुपर्नेछ।

   B. दोस्रो पृष्ठः यस खण्डमा अनुसन्धान प्रतिवेदनको Peer Review को विज्ञ तथा भाषा सम्पादनको विज्ञ तथा कुनै समितिबाट यस सम्बन्धी समीक्षा गरेको भएमा समीक्षामा संलग्न विज्ञहरुको नाम समावेश गर्नु पर्नेछ।

   C. तेस्रो पृष्ठः यसमा अनुसन्धानको सम्पूर्ण प्रतिलिपि अधिकार सामाजिक विकास मन्त्रालयमा रहेको व्यहोरा खुलाउनु पर्नेछ।

   D. चौथो पृष्ठः यसमा अनुसन्धान कर्ताले अनुसन्धान गर्दा अनुसन्धानका सम्पूर्ण विधिहरु स्थापित गरिएको र कुनै पनि प्रकारले प्राज्ञिक चोरी (Plagarism) नगरिएको स्व घोषणा गर्नु पर्दछ।

   E. पाँचौ पृष्ठः यसमा अध्ययनको सारांश प्रस्तुत गर्नु पर्नेछ। अध्ययनको सारांश तयार गर्दा सामान्यतया संक्षिप्त रुपमा अध्ययनको शीर्षक, अध्ययनको उद्देश्य, अध्ययन विधि, अध्ययनबाट निस्किएको निचोड, अध्ययनबाट पुग्न सक्ने फाइदा (Implication) खुलाइएको हुनु पर्नेछ। अध्ययनको कार्यकारी सारांश तयार गर्दा बढीमा २ पेजमा तयार गर्नु पर्नेछ।

   F. छैठौं पृष्ठः यसमा अध्ययन प्रतिवेदनमा सहयोग गर्ने विभिन्न व्यक्ति तथा संस्थालाई दिएको धन्यबाद सम्बन्धी विवरणहरु (Acknowledgment) समावेश गर्नु पर्नेछ।

   G. सातौं पृष्ठमाः यसमा विषयसूचीहरु समावेश गर्नु पर्नेछ। विषयसूचीमा List of Table र List of figures हरु सिलसिलेवार ढंगले उल्लेख गरेको हुनु पर्नेछ।

   H. आठौं पृष्ठः यसमा संक्षिप्त शव्दावलीहरु सिलसिलेवार ढंगले प्रस्तुत गर्नु पर्नेछ।

७. अनुसन्धान प्रतिवेदनको मूल भाग देहायको ढाँचामा हुनु पर्नेछः

   **A. परिच्छेद एकः परिचय**

   १. परिचयमा अनुसन्धान गर्ने विषयको संक्षिप्त परिचय, यसको पृष्ठभूमि, अनुसन्धानको दिशानिर्देश आदि उल्लेख गर्नु पर्नेछ।

   २. यसमा समस्याको कथन (Statement of problem): यस भागमा मूल समस्या के हो, त्यसको सन्दर्भ (context), समस्याको महत्व, समस्या समाधान गर्न लागिएको विषय संक्षिप्तमा

प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

उल्लेख गर्नु पर्नेछ। यस भागमा मूलतः समस्या के हो र हुनु पर्ने के हो संक्षिप्तमा gap analysis गर्नु पर्नेछ।

३. अध्ययनको मूल उद्देश्य (Purpose of the Research): यस भागमा अध्ययनको मूल उद्देश्यहरु स्पष्ट रुपमा लेख्नु पर्नेछ। मूल उद्देश्य लेख्दा अनुसन्धान Descriptive, Explorative, Explanative कुन प्रकृतिको हो सोही आधारमा लेख्नु पर्नेछ।

४. अनुसन्धानका प्रश्नहरुः यसमा समस्याको कथनका आधारमा अनुसन्धानका प्रश्नहरु तयार गर्नु पर्नेछ। अनुसन्धानका प्रश्नहरु बढीमा ५ हुनु पर्नेछ।

५. अनुसन्धानको परिकल्पना (Research Hypothesis): परिमाणात्मक अनुसन्धान (Quantitative Research) मा प्रयोग गर्नु पर्नेछ। यो तयार गर्दा Econometric Modeling मा आधारित हुनु पर्नेछ। अध्ययनको आवश्यकता अनुसार Classical Linear Regression Model, Logit and probit model, Panel Regression Model, Vector Auto Regression Model, Time Series ARIMA Model आदि प्रयोग गर्न सकिने छ।

६. अनुसन्धानको महत्व (Significance of Study): यसमा अनुसन्धानको औचित्य तथा महत्व बारेमा उल्लेख गर्नुपर्नेछ।

७. अध्ययनका सीमा तथा परिसीमाहरु (Limitation and Delimitation of The Study): यसमा अनुसन्धानका लागि प्रयोग गरिने साधन स्रोत, विधि, नमुना आदिका सीमा तथा परिसीमाहरु उल्लेख गर्नु पर्नेछ।

८. अध्ययनको संगठन (Organization of The Study): यसमा अध्ययन प्रतिवेदन के कति परिच्छेदमा बाँडफाँट गरिएको छ र कुन परिच्छेदमा के कुरा उल्लेख गरिएको छ सोको संक्षिप्तमा उल्लेख गर्नु पर्नेछ।

**B.** परिच्छेद दुईः साहित्यको पुनरावलोकन

१. यस भागमा अध्ययन गरिएको विषयवस्तुका बारेमा संक्षिप्त ऐतिहासिक पृष्ठभूमि, सो विषयमा यस अघि भएका अध्ययन अनुसन्धानका निष्कर्षहरु, उपलब्ध अध्ययन अनुसन्धानमा देखिएका कमीकमजोरीहरु आदि बारेमा उल्लेख गर्नु पर्नेछ।

२. साहित्यको पुनरावलोकन गर्दा मान्यता प्राप्त प्रणालीको अवलम्बन गर्नु पर्नेछ।

३. पुनरावलोकन गरिएका साहित्यको सम्पूर्ण विवरण सन्दर्भसूचीमा समावेश गर्नु पर्नेछ।

४. साहित्य पुनरावलोकन गर्दा अध्ययन गर्न लागेको विषयवस्तुको सैद्धान्तिक रुपरेखा समेत प्रस्तुत गर्नु पर्नेछ।

५. साहित्य पुनरावलोकन गर्दा उपलब्ध भएसम्म Academic Journal मा प्रकाशित Peer Reviewed लेखहरुको पुनरावलोकन गर्नु पर्नेछ।

६. सैद्धान्तिक रुपरेखाः यसमा अनुसन्धानकर्ताले कुन सिद्धान्तमा रहेर अध्ययन गरेको हो सोको संक्षिप्त रुपरेखा उल्लेख गर्नुपर्नेछ।

७. अवधारणागत रुपरेखा (Conceptual Framework of The Study): यसमा अध्ययनको मोटामोटी रुपरेखा प्रस्तुत गर्नु पर्नेछ।

**C.** परिच्छेद तीनः अध्ययन विधि **(Research Methodology)**

१. अध्ययनको दर्शन (Research Philosophy): यसमा कुन दर्शनमा रही अध्ययन गरिएको हो सो उल्लेख गर्नु पर्नेछ। खास गरी यसमा अध्ययनको Ontology, Epistemology के हो, अध्ययनले Objectivism, Subjectivism, Interpretivism, Pragmatisim कुन धार लिएको छ उल्लेख गर्नु पर्दछ।

२. अनुसन्धानको रणनीतिः यसमा अनुसन्धान गर्दा Qualitative Quantitative र Mixed कुन विधि किन अपनाइएको हो सो बारेमा उल्लेख गर्नु पर्नेछ।

३. अध्ययनको इकाइ (Unit of Analysis): यसमा अध्ययन कुन विषयमा गर्न लागिएको हो सो उल्लेख गर्नुपर्नेछ। उदाहरणका लागि यदि कसैको अध्ययनको Unit of Analysis नगरपालिका हो भने किन नगरपालिका छानिएको हो सोको कारण पनि उल्लेख गर्नु पर्नेछ।

४. तथ्याङ्क सङ्कलन विधिः यसमा तथ्याङ्क के कसरी कुन विधिबाट सङ्कलन गर्न लागिएको हो सोको विधि र औचित्य पुष्टी गर्नु पर्नेछ। साथै यसमा Sampling Plan र Target Population को बारेमा समेत स्पष्ट खुलाउनु पर्नेछ।

**D. परिच्छेद चारः तथ्याङ्क विश्लेषण (Analysis of Data)**

१. यसमा अनुसन्धान प्रश्नको आधारमा अलग अलग शीर्षक बनाइ संकलन गरेका तथ्याङ्कहरुको Tabulation गर्ने, यसको विश्लेषण गर्ने र विश्लेषणबाट निस्केको आधारमा अनुसन्धानका निष्कर्षहरु निकाल्ने।

२. निष्कर्षहरु निकाल्दा मनगढन्ते आधारमा भन्दा तथ्याङ्क विश्लेषणको आधारमा आएको हुनु पर्नेछ।

३. निष्कर्षहरु स्थापित सिद्धान्तअनुसार छ कि छैन वा स्थापित सिद्धान्तलाई चुनौति दिएको छ छैन वा निष्कर्षले नयाँ सिद्धान्त प्रतिपादन गरेको छ छैन आदि कुराहरु यसमा स्पष्ट रुपमा आउनु पर्नेछ।

E. **परिच्छेद पाँचः** मुख्य प्राप्ति, सुझाव तथा उपयोग (Findings, Recommendation and Implication)

१. यस भागमा तथ्याङ्क विश्लेषणबाट प्राप्त सूचनाका आधारमा हासिल गरिएका मुख्य मुख्य निष्कर्ष, सो निष्कर्षका आधारमा सुझाव र सो सुझावको उपयोग गर्ने क्षेत्रहरु बारेमा सिलसिलेवार ढङ्गले बुँदागत रुपमा तयार पार्नु पर्नेछ।

२. यस परिच्छेदमा यस अनुसन्धानका आधारमा भविष्यमा गर्नुपर्ने थप अनुसन्धानका क्षेत्रहरुसमेत किटान गर्नु पर्नेछ।

F. **सन्दर्भ सामग्रीहरुः** यसमा अनुसन्धानमा प्रयोग गरिएका सम्पूर्ण साहित्यहरुलाई मान्यता प्राप्त प्रणाली अनुसार सिलसिलेवार ढङ्गले उल्लेख गर्नु पर्नेछ।

G. **अनुसूचीहरुः** यसमा अनुसन्धानमा प्रयोग गरिएका प्रश्नावलीहरु, तथ्याङ्कहरु, पारिभाषिक शब्दावलीहरु आदि उल्लेख गर्नुपर्नेछ।